# अरण्य-रोदन

*अमर त्यागी*

आपसमा पराई छन् मान्छे
कसलाई सुनाएँ यो छातीभित्र
देश दुखेको पीडा
सर्पहरू पालेर वरिपरि
आफू सुरक्षित हुनुको नियति
संस्कृति बनेको बेला
कसलाई सुनाएँ यो जिन्दगी नै दुखेको पीडा
जति चिच्याए पनि
सुन्दैनन् आजका सभ्य रावणहरू
यो दुखाइको कथा
जति कल्पे पनि
बुझ्दैनन् आजका शिष्ट कंशहरू
यो दुखाइको व्यथा
पासा पल्टाउनमै व्यस्त छन्
आधुनिक शकुनिहरू
बारम्बार द्रौपदी बनाएर देशलाई
जुवामा थापिन्छ यहाँ
चिन्नै नसकिने भो
सेतो परिधानभित्रको कालो मन
कालो विचार र कालो भावना
कसलाई सुनाएँ आफू बलिको बोका हुनुको पीडा
अनि कुपोषणले थलिंदै गएको देशको पीडा
कति चिच्याएँ यी बहिराहरूको भीडमा
कति रोएँ यी आर्त शब्दहरूमा
लाग्छ अब चिच्याइ आँधी हुनुपर्‍यो उथलपुथल ल्याउने
अब रुवाइ इन्कलाब हुनुपर्‍यो मनमस्तिष्क हल्लाउने
नत्र कोही सुन्ने छैन यो भीडभित्रको अरण्य रोदन
कहिल्यै तात्ने छैन चिसो ओदान
च्यातिन च्यातिन लागेको मनमा
चुँडिन चुँडिन लागेको सपना
सजाएर कसरी निश्चित रहूँ म
कतै धर्मको नाममा त कतै राजनीतिको नाममा
अझ कति तरुनी चेलीको सिन्दुर पोते खोसिने हो
अझ कति वृद्ध बाआमाको हातको लौरो भाँचिने हो
अझ कति अबोध लालाबालाको सुन्दर भविष्य चुँडिने हो
कसलाई सुनाएँ यो मन दुखेको पीडा
भीड र कोलाहलको यो सुनसान अरण्यमा
सधैं भेद, विभेद र अहम्ले
छातीभित्र दुख्छ भने देश
बारबार मन्दिर, मस्जिद र चर्चमा
विभाजित हुन्छ भने देश
लाग्छ सम्पूर्ण वेद, कुरान र बाइबलहरू जलाएँ

र एउटा नचलेको प्रथा चलाएँ
एउटा नलेखिएको इतिहास लेखू
र एउटा नदेखिएको संसार देखू !!

*( गजल गुड कलैया, बारा*